**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि**
**२०६५**

## १. परिचय

नेपालको अन्तरिम संविधान २०६३ को मर्म र भावना अनुरुप समाजका ज्येष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी / जनजाती एवं अशक्त अपाङ्गता भएका नागरिकहरुको सामाजिक सुरक्षा सम्वन्धी मौलिक हकको संरक्षण गर्न, राज्यको दायित्व, संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरुले निर्देश गरे अनुरुप सामाजिक न्याय प्रदानमा सहयोग गर्न र नेपालले आई. एल. ओ. महासन्धि १६९ र अन्य अन्तराष्ट्रिय सन्धि महासन्धिहरुमा अभिव्यक्त गरेको प्रतिवद्धता अनुरुप यिनीहरुको मानवोचित जीवनयापनका लागि आवश्यक सहयोग गर्ने कार्यलाई उच्च महत्व दिदै आ. व. २०६५/ ६६ को विनियोजन वजेटमा व्यवस्था भए वमोजिम आ. व. २०५१/ ५२ देखि आरम्भ गरिएको सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तृत गरी नागरिकको सामाजिक सुरक्षाको हक अधिकार प्रचलन गराउनका साथै जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने अभिप्रायले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३६ (२) अनुसार यो सामाजिक सुरक्षा कार्यविधि २०६५ नेपाल सरकार ( मं. प.) वाट २०६५ /८/४ मा स्वीकृत गरी लागु गरिएको छ ।

## २. उद्देश्य

यो कार्यविधीका उद्देश्यहरु यस प्रकार रहेका छन् :

(क) लक्षित समूह परिभाषित गर्ने,
(ख) भत्ता / वृत्तीको सरल वितरण गर्ने,
(ग) अभिलेख तथा सूचना प्रवाह प्रणाली व्यवस्थापन तथा अद्यावधिक गर्ने,
(घ) पारदर्शिता कायम गर्ने,
(ङ) प्रभावकारी अनुगमन गर्ने ।

## ३. लक्षित समूहको परिभाषा

यस कार्यविधि अन्तर्गत भत्ता / वृत्ति पाउने लक्षित समूह भन्नाले :

(क) जेष्ठ नागरिक
(अ) ७० वर्ष उमेर पुरा भएका देशभरका सवै नागरिक,
(आ) ६० वर्ष उमेर पुरा भएका कर्णाली अंचलका सवै नागरिक ,
(इ) ६० वर्ष उमेर पुरा भएका अनुसूची १ मा उल्लेख भए बमोजिमका सवै दलित नागरिक ।

(ख) लोपोन्मुख आदिवासी / जनजाति
अनुसूची २ मा उल्लेख भए बमोजिमका सवै लोपोन्मुख आदिवासी /जनजाति ।

(ग) ६० बर्ष उमेर पुगेका देहायका अवस्था भएका सवै एकल महिला ।
(१) पतिको निधन भएका एकल महिला वा
(२) विवाह नगरी बसेका एकल महिला वा
(३) संबन्ध विच्छेद भएका एकल महिला ।
तर त्यस्ता एकल महिलाले विवाह गरेमा वा पुनः विवाह गरेमा उल्लेखित सुबिधा प्राप्त हुनेछैन ।

(घ) अशक्त अपाङ्गता भएका व्यक्ति :
(अ) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति : व्यक्तिको शारिरिक वा मानसिक प्रणालीहरुमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरु, तीव्र वौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, पूर्ण रुपमा श्रवण दृष्टीविहीन व्यक्तिहरु तथा आफै हलचल गर्न नसक्ने गरी पूर्ण रुपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरु ।

आ) आंशिक अशक्त अपाङ्गता : निरन्तर अरुको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न , आवागमन गर्न , संचार गर्न, लेखपढ गर्न, सक्षम हुने व्यक्तिहरु, पोलियो वा अन्य कारणले शरिरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षाघात भई वा माशंपेशी विचलन भई वा मस्तिष्क पक्षाघात भई कम्मर भन्दा मुनीको भाग क्रियाशील हुन नसकी व्हील चियर प्रयोग गर्नु पर्ने अवस्थाका व्यक्तिहरु, दुवै हातको पाखुरा मुनिको अंग नभएका , वा नचल्ने , कम्मरभन्दा मुनीको अग नभएका वा नचल्ने व्यक्तिहरु, दुवै खुट्टा पूर्ण क्रियाशील नभई बैशाखीको प्रयोग गर्ने व्यक्तिहरु , पूर्णदृष्टीविहिन व्यक्तिहरु ,पूर्ण वहिरा व्यक्तिहरु , दैनिक जीवन सम्पादन आफै गर्न सक्ने तर सिकाइमा समस्या भएका वौद्धिक अपागंता भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिईरहनु पर्ने वहुअपागंता भएका १६ वर्ष उमेर पुगेका आंशिक अशक्त अपाङ्गता भएका व्यक्तिहरु ।

तर,अपाङ्गता परिचयपत्र पाइ आ.ब. ०६४।६५ मा अपाङ्ग वृत्ति समेत प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरुलाइ भने यस कार्यविधि वमोजिम नयां परिचयपत्र वितरण गर्न बाधा पुग्ने छैन । कुनै व्यक्तिले पूर्ण अशक्त अपाङ्ग परिचयपत्र प्राप्त गरेमा वा निजको मृत्य भै लगत कट्टा भएमा रिक्त कोटामा नया आंशिक अशक्त अपाङ्गता भएका व्यक्तिलाइ परिचयपत्र उपलब्ध गराउन सकिनेछ ।

पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र आंशिक अशक्त अपाङ्गता भएका व्यक्तिका लागि अशक्त वृत्ति वितरण गर्न जिल्लाको लागि निर्धारण गरिएको संख्या अनुसूची (३) मा उल्लेख भए अनुसार हुनेछ । बुंदा ५(च) अनुसार गठित सामाजिक सुरक्षा जिल्ला समन्वय समितिले निर्धारण गरेको पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र आंशिक अशक्त अपाङ्गता भएका व्यक्तिको कोटा अनुसार गाउँ विकास समिति ⁄ नगरपालिकाले प्राथमिकता अनुसार अशक्त अपाङ्गता भएका व्यक्तिहरुको अन्तिम छनौट गर्नेछन् ।

## ४. भत्ता ⁄ वृत्ति पाउने उमेरको गणना

यस कार्यविधि वमोजिम भत्ता ⁄ वृत्ति पाउन योग्य जेष्ठ नागरिक, एकल महिला र अशक्त अपाङ्गता भएका व्यक्तिको उमेरको गणना गर्दा देहाय वमोजिम हुनेछ :

(क) यस प्रयोजनका लागि नेपाली नागरिकताको प्रमाणपत्रको उमेरलाई आधार लिइनेछ ।

(ख) बुँदा ५ (ज) बमोजिम परिचयपत्र प्राप्त गरिसकेपछि आउने आर्थिक बर्षको श्रावण १ गतेदेखि परिचय पत्र लागु हुने मिति मानिनेछ ।

तर, आ.व. ०६५ । ६६ को हकमा भने पहिलो पटक २०६५ आश्विन १ गते देखि लागु हुने गरी बुँदा ६ मा विशेष व्यवस्था गरिए अनुसार हुनेछ ।

(ग) जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भए उल्लेखित महिनाको मसान्त र सालमात्र खुलेको भए सो सालको चैत्र मसान्तलाई आधार मानी जन्म मिति गणना गरिनेछ ।

(घ) लक्षित समुहको व्यक्तिको उमेरको गणना गर्दा फरक परेमा वा विवाद उत्पन्न हुँन गएमा निराकरणको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउने र उक्त कार्यालयवाट प्रचलित कानून अनुसार भएको निर्णयलाई अन्तिम मानी उमेर गणना गरिनेछ ।

## ५. परिचयपत्र सम्वन्धी व्यवस्था

(क) यस कार्यविधि बमोजिमको सुविधा उपभोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनु पर्नेछ । साथै यस अघिको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६३ बमोजिम परिचयपत्र प्राप्त गरिसकेकाहरुले पनि यस कार्यविधि बमोजिम नया परिचयपत्र लिनुपर्नेछ।

परिचयपत्र प्राप्तिका लागी अनुसूचीमा तोकिएको ढांचाका फारामहरु गाउँ विकास समिति ⁄ नगरपालिकाले निःशुल्क रुपमा उपलब्ध गराउनेछ । साविकमा परिचयपत्र लिएका व्यक्तिहरुले आगामी बर्षका लागि पनि भत्ता⁄बृत्ति पाउनका लागि तोकिएको मिति भित्र परिचयपत्र अनिवार्य रुपमा नवीकरण गराउनु पर्नेछ । परिचयपत्र नवीकरण नभएका व्यक्तिहरुलाई भत्ता⁄बृत्ति उपलब्ध गराईने छैन ।

(ख) गाउँ विकास समिति ⁄ नगरपालिकाले परिचयपत्र सिफारिश र नवीकरणका लागि १५ दिनको म्याद दिई चालु आर्थिक वर्षको आषाढ मसान्तसम्ममा बुँदा (३) मा उल्लेखित लक्षित समूहमा पर्ने वा उमेर पुग्ने नागरिकहरुले समेत दरखास्त दिन पाउने गरी प्रत्येक सालको मार्ग महिनाको पहिलो हप्ताभित्र सार्वजनिक सूचना प्रकाशित गरिसक्नु पर्नेछ । यस्तो सुचना प्रकाशित गर्दा महानगरपालिका र उपमहानगरपालिकाहरुले सम्बन्धित वार्डमा निवेदन दिन पाउने गरि ब्यबस्था मिलाउनु पर्नेछ ।

(जस्तै : नयां परिचयपत्र प्राप्त गर्नको लागी आ.व. ०६५।६६ को मार्ग महिनामा ७० वर्ष उमेर नपुगेका ज्येष्ठ नागरिकको चालु आ.व.को आषाढ मसान्तभित्र ७० वर्ष उमेर पुग्ने भएमा उक्त व्यक्तिले नयां परिचयपत्र प्राप्त गर्न निवेदन दिन सक्नेछ ।)

(ग) जेष्ठ नागरिक भत्ता वा एकल महिला वृत्ति वा आशिंक अशक्त अपाङ्गता बृत्ति पाउन परिचयपत्र लिनका लागि दरखास्त दिने नागरिकले २ प्रति पासपोर्ट साईजको फोटो र नेपाली नागरिकताको प्रमाणपत्र संलग्न राखी सूचनाको म्यादभित्र अनुसूची ४ को (क) (ख) (ग) (ङ) र (छ) वमोजिमको ढाँचामा र नवीकरण गर्नका लागि अनुसूचि ६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(घ) लोपोन्मुख आदिवासी ⁄जनजाती तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका हकमा नागरिकता पाउने उमेर पुरा भएका नेपाली नागरिकले नागरिकताको प्रमाणपत्र तथा २ प्रति पासपोर्ट साईजको फोटो संलग्न राखी पेश गर्नु पर्नेछ र उमेर नपुगेकाको हकमा परिवारको मुख्य व्यक्तिले उक्त विवरण पेश गर्नुपर्नेछ । नागरिकता पाउने उमेर नभएका नेपालीले जन्म दर्ताको प्रमाण पत्र तथा २ प्रति पासपोर्ट साईजको फोटो संलग्न राखी अनुसूचि ४ (घ) र (च) बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

लोपोन्मुख आदिवासी ⁄जनजातीका नागरिकको हकमा फोटो खिच्ने व्यवस्था गा.वि.स. ⁄न.पा. ले गर्नु पर्नेछ र आ.व. २०६५।६६ मा पहिलो पटकको लागि नागरिकता नलिएको भएमा पनि देहाय अनुसारको विवरण संलग्न राखी निवेदन दिन सकिने र उक्त विवरणको आधारमा परिचयपत्र प्रदान गरी मासिक भत्ता उपलब्ध गराउन सकिनेछ ।

(१) वावु वा आमा वा आफ्नो वंश तर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र वा

(२) जन्मस्थान र नाता खुल्ने गरी गाउं विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिशपत्र वा

(३) आफ्नो वा परिवारको नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहियानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको वावु वा आमाको नाम समावेश भएको प्रमाण वा

(४) गाउं विकास समिति वा नगरपालिकाको स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा वसोवास गर्ने कम्तीमा ३ जना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सर्जमिनस्थलमै गरेको सनाखतपत्र ।

पूर्ण अशक्त अपाङ्गता तथा आशिंक अशक्त अपाङ्गता भएको व्यक्तिले परिचयपत्रको लागि निवेदन दिदा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको अपाङ्गता परिचयपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

तर,

(१) आगामी आ.व. देखि परिचयपत्र प्राप्तीको लागि नागरिकता प्रमाणपत्र पाउने उमेर भएका लक्षित समुहले अनिवार्यरुपमा नागरिकता पेश गर्नुपर्नेछ र उक्त समुहका नागरिकता प्राप्त गर्ने उमेरसमुहका व्यक्तिहरुलाई सम्वन्धित जिल्ला प्रशासन कार्यालयले नागरिकता वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) एकै स्थानमा नवसी फिरन्ते जीवनयापन गर्ने लोपोन्मुख आदिवासी/जनजातीका लक्षित समूहले आफुले भत्ता वा वृत्ति लिन उपयुक्त हुने गाउं विकास समिति वा नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ र निजहरुलाई सोही स्थानवाट मात्र भत्ता उपलव्ध गराइनेछ । नागरिकता लिएको ठेगाना बाहेक अन्यत्रबाट वृत्ति वा भत्ता प्राप्त गर्न निवेदन दिएमा पहिलो पटक भत्ता वा वृत्ति प्राप्त गरेको मितिले ६ महिनाभित्र वसाई सराइको प्रमाणपत्र सम्बन्धित गा.वि.स. वा न.पा.मा पेश गर्नुपर्नेछ ।

(ङ) महानगरपालिका तथा उप महानगरपालिका वाहेक सबै नगरपालिकाहरु एवं गा.वि.स.हरुमा म्यादभित्र नयाँ परिचयपत्रका लागि प्राप्त हुन आएका निवेदनहरुको छानविन गरी निर्णय गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीय स्तरमा अनुगमन गर्न निम्न वमोजिमको एक स्थानीय परिचयपत्र सिफारिश समिति गठन गरिने छ ।

(१) गाउँ विकास समितिका अध्यक्ष/(गाउँ स्तर) नगरपालिकाका प्रमूख (नगरस्तर) — अध्यक्ष

(२) प्रत्येक वडावाट प्रतिनिधित्व हुने गरि ज्येष्ठ नागरिक, एकल महिला, आदिवासी / जनजाति, अशक्त अपाङ्गता भएका व्यक्ति, दलित,टोल विकास संस्था, स्थानीय शिक्षक आदि मध्येवाट गाउं विकास समिति / नगरपालिकाद्वारा तोकिएका कम्तिमा ९ जना प्रतिनिधि — सदस्य

(३) निवेदक रहेको वडाका वडाअध्यक्ष वा निजले खटाएका वडा सदस्य. . . . — सदस्य

(४) गाउं विकास समिति/नगरपालिकाको सचिव — सदस्य सचिव

महानगरपालिका तथा उपमहानगरपालिकाको हकमा भने देहाय बमोजिमको स्थानिय परिचयपत्र शिफारिस समिति गठन गरिनेछ ।

(क) वडा स्तरमा छानविन गरी नगरस्तरिय समिति समक्ष शिफारिस गर्न वार्ड अध्यक्षको अध्यक्षतामा देहाय बमोजिमको समिति रहनेछ।

(१) सम्बन्धित वडाको अध्यक्ष — अध्यक्ष

(२) ज्येष्ठ नागरिक, एकल महिला, आदिवासी । जनजाती, अशक्त अपाङ्गता भएका व्यक्ति, दलित, टोल विकास संस्था,स्थानीय शिक्षक, स्थानिय गैर सरकारी सस्था आदि मध्येवाट वार्ड समितिले तोकेका कम्तिमा ५ जना प्रतिनिधि — सदस्य

(३) वार्ड सचिव — सदस्य सचिव

(ख) वार्ड स्तरवाट सिफारिस भै आएका नामावलिमाथि छानविन गरी निर्णय गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीय स्तरमा अनुगमन गर्न निम्न वमोजिमको एक स्थानीय(महानगर एवं उपमहानगरस्तरिय) परिचयपत्र सिफारिश समिति गठन गरिने छ ।

(१) नगर प्रमुख — अध्यक्ष

(२) प्रत्येक वडावाट प्रतिनिधित्व हुने गरि ज्येष्ठ नागरिक, एकल महिला, आदिवासी जनजाती, अशक्त अपाङ्गता भएका व्यक्ति, दलित, टोल विकास संस्था, स्थानीय शिक्षक आदि मध्येवाट नगरपालिकाद्वारा तोकिएका कम्तिमा ५ जना प्रतिनिधि — सदस्य

(३) वडा अध्यक्षहरुमध्येवाट प्रमुखले तोकेका ४ जना वडा अध्यक्ष — सदस्य

(४) महा । उपमहानगरपालिकाको सचिवले तोकेको नगरपालिकाको अधिकृत — सदस्य सचिव

तर, गाउं विकास समिति / नगरपालिकामा निर्वाचित पदाधिकारी नभई अन्य व्यवस्थावाट कार्य सञ्चालन भएकोमा सोही व्यवस्था अनुसार तोकीएका पदाधिकारीहरु र माथी उल्लेखित समितिका उपलव्ध सदस्यहरु सहितको स्थानीय परिचयपत्र सिफारिश समिति कायम गरी कार्य गरिने छ ।

उल्लेखित समितिले गलत व्यक्तिलाइ सिफारिस गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सम्वधित स्थानीय निकाविाथ प्रदान गरिने सेवा रोक्का गरी त्यस्तो सिफारिश गर्ने समितिको सदस्यहरुबाट त्यस्तो व्यक्तिले पाएको रकम असुल उपर गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ । रोक्का राखिएको सेवा यस्तो कारवाही पछि फुकुवा गर्नु पर्नेछ ।

(च) सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न प्रत्येक जिल्लामा देहाय वमोजिमको सामाजिक सुरक्षा जिल्ला समन्वय समितिको गठन गरिनेछ ।

(१) जि.वि.स. को सभापति — संयोजक

(२) प्र.जि.अ.वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत — सदस्य

(३) स्था.वि.अ. सदस्य
(४) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको प्रतिनिधि १ जना सदस्य
(५) आदिवासी / जनजाती जिल्ला समन्वयसमितिको प्रतिनिधि १ जना सदस्य
(६) दलितवर्ग उत्थान जिल्ला समन्वय समितिको प्रतिनिधि १ जना सदस्य
(७) गै.स.स.महासघं जिल्ला समितिको अध्यक्ष वा निजले तोकेको १ जना प्रतिनिधि सदस्य
(८) स्थानिय उद्योग वाणिज्य संघको प्रतिनिधि १ जना सदस्य
(९) अपाङ्गता भएका व्यक्ति सम्वन्धी काम गर्ने संघ सस्थाहरु मध्येवाट जि.वि.स. ले तोकेको प्रतिनिधि १ जना सदस्य
(१०) महिला विकास अधिकृत सदस्य
(११) जिल्ला पत्रकार महासंघको प्रतिनिधि १ जना सदस्य
(१२) सामाजिक परिचालन सम्वन्धि काम गर्ने संस्था मध्येबाट जि.बि.स.ले तोकेको प्रतिनिधि १ जना सदस्य
(१३) योजना अनुगमन तथा प्रशासकिय अधिकृत वा निजको अनुपस्थितिमा स्था.वि.अ.ले तोकेको जि.वि.स.को अधिकृत वा कर्मचारी सदस्य सचिव

जि.बि.स. ले मनोनयन गर्ने/तोक्ने प्रतिनिधि मध्ये ५० प्रतिशत महिला प्रतिनिधि हुनुपर्नेछ।

(छ) सामाजिक सुरक्षा जिल्ला समन्वय समितिका कार्यहरु:

(१) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र आशिंक अशक्त अपाङ्गता भएका व्यक्तिलाई तोकिएको जिल्लागत कोटा गा.वि.स. र न.पा.मा वितरण गर्ने ।
(२) सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता अनुसार विषयगत कार्यालयसंग समेत समन्वय गरी जिल्लामा नियमित अनुगमन गर्ने ।
(३) सामाजिक सुरक्षा कार्यक्रमको भत्ता वा वृत्ति वितरणको पारदर्शिता कायम गर्न जिल्लागत कार्यक्रमहरु संचालन गर्ने ।
(४) सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने ।
(५) सामाजिक सुरक्षा सम्वन्धमा परेका उजुरी व्यवस्थापन गर्ने ।
(६) अभिलेख व्यवस्थापन गर्ने कार्यमा जि वि स , नगरपालिका र गा वि स लाई सहयोग एवं समन्वय गर्ने ।
(७) सामाजिक सुरक्षा कार्यक्रमको भत्ता वा वृत्ति नपाउनुपर्ने मानिसले पाएको, पाउनु पर्नेले नपाएको वा अन्य अनियमितता भएको विषयमा यस समितिमा निवेदन दिन सकिने छ । यस्तो निवेदन उपर आवश्यक छानविन गरी आवश्यक कार्यवाहीकालागि सम्वन्धित निकायमा लेखी पठाउने ।
(८) जिल्लामा उपलव्ध वैकिङ्ग सेवा तथा सेवाग्राहीको पायक पर्ने पक्षमा समेत विचार गरी स्थानीय वैङ्कहरु,हुलाक बचत बैङ्क तथा बैङ्किगं कारोबार गर्न स्वीकृती प्राप्त सहकारी संस्था संगको समेत समन्वयमा यस कार्यक्रम अनुसार वितरण गरिने भत्ता वा वृत्ति बैङ्क, सहकारी संस्था वा हुलाक बचत बैङ्क मार्फत भुक्तानी गर्ने गरी गा. वि. स. वा न. पा. तोक्ने । यसरी तोकिएका गा. वि. स. वा न. पा. ले पनि सोही अनुसार बैङ्क, सहकारी संस्था वा हुलाक बचत *बैङ्क* मार्फत भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

(ज ) परिचयपत्र नवीकरण गर्नका लागि परेका निवेदनहरुको गाउं विकास समितिका अध्यक्ष/नगरपालिकाका प्रमुखहरुले छानवीन गरी मार्ग मसान्त भित्र नवीकरण गरिसक्नु पर्नेछ । स्थानीय परिचयपत्र सिफारिश समितिले नयां परिचयपत्रका लागि बुँदा ५ (ख) अनुसार पर्न आएका दरखास्तहरु उपर प्रारम्भीक छानविन गरी सर्वसाधारणको जानकारीको लागी गाउं विकास समिति / नगरपालिकामा उजुरी / प्रतिक्रियाको लागी ७ दिनको म्याद दिइ सार्वजनिक रुपमा सूची प्रकाशित गर्ने र प्राप्त भएका उजुरी / प्रतिक्रियामा समेत छानविन गरी पौष महिनाको पहिलो हप्ता भित्र परिचयपत्र उपलव्ध गराउन नाम नामेसी सहितको सिफारिश गर्नेछ । उक्त समितिबाट सिफारिस भएका नयाँ परिचयपत्र प्राप्त गर्ने र नवीकरण गरिएका व्यक्तिहरुको नामावली पौष महिनाको दोस्रो हप्ता भित्रमा सम्वन्धित गाउँ विकास समिति/नगरपालिकाले प्रकाशित गर्नु पर्नेछ । यो सूचना प्रकाशित भए पछि सो को विवरण पौष महिनाको तेश्रो हप्ता भित्र गा. वि. स. / न. पा. ले जि. वि. स.मा पठाउनु पर्ने छ । जि. वि. स. ले पनि जिल्ला भरीको वृत्ति वा भत्ता सुविधा पाउने लक्षित समुहको प्रत्येक गा. वि. स. र न. पा. को अलग अलग देखिने गरी अनुसूची ५ वमोजिमको एकमुष्ट विवरण माघ मसान्तभित्र स्थानीय विकास मन्त्रालयमा प्राप्त हुने गरी पठाउनुपर्नेछ ।

तर कुनै लक्षित समूहको व्यक्तिले निश्चित समयभित्र फोटो खिंचाउन नसक्ने अवस्था भएको भन्ने स्थानीय परिचयपत्र सिफारिस समितिलाई लागेमा आगामी आर्थिक वर्षको प्रथम चौमासिकको भत्ता / वृत्ति प्राप्त गर्नु अगावै फोटो प्राप्त गर्ने गरी फोटो नभएको परिचयपत्र जारी गर्ने गरी निर्णय गर्न सक्नेछ ।

(झ) गाउँ विकास समिति/नगरपालिकाको कार्यालयले स्थानीय परिचयपत्र सिफारिश समितिले सिफारिश गरेका ज्येष्ठ नागरिक, एकल महिला, असक्त अपाङ्ग र लोपोन्मुख आदिवासी / जनजातीलाई पौष महिनाको तेस्रोहप्तासम्ममा अनुसूची ७ वमोजिमको परिचयपत्र नि:शुल्क उपलव्ध गराईसक्नु पर्नेछ ।

(ञ) परिचय पत्रको मान्यता एक आर्थिक वर्षका लागि मात्र रहनेछ । एकपटक वितरण गरेको परिचयपत्र नवीकरण गरी आगामी आर्थिक वर्षमा पनि पुन: प्रयोग गर्न सकिनेछ ।

(ट) लक्षित समूहलाई परिचयपत्र बनाउने लगायतका कामको लागि आवश्यक पर्ने रकम जिल्ला विकास समितिले सम्बन्धित गाउं विकास समिति/ नगरपालिकाहरुसंग समन्वय गरी व्यवस्था गर्नु पर्नेछ ।

(ठ) परिचयपत्र लागु हुने मिति भन्नाले भत्ता / वृत्ति पाउन शुरु हुने महिना आगामी आर्थिक वर्षको श्रावण १ गते लाई जनाउनेछ ।

६. **आ.व. ०६५। ६६ को लागी परिचय पत्र वितरण सम्वन्धी विशेष व्यवस्थाः**

आ.व.०६५।६६ को आश्विनदेखि भत्ता वा वृत्ति पाउन सक्ने लक्षित समूहहरुको लागि परिचय पत्र वितरण गर्न देहाय बमोजिमको विशेष व्यवस्था गरिएको छ ।

(१) गा.वि.स. / न.पा. मा परिचय पत्रको लागि सम्वन्धित लक्षित समूहले दर्खास्त दिन १५ दिनको म्याद दिई २०६५ मार्ग महिनाको दोश्रो हप्ताभित्र सार्वजनिक सूचना प्रकाशित गर्ने ।

(२) ज्येष्ठ नागरिक भत्ता वा एकल महिला वा आंशिक अशक्त अपाङ्गता वृत्ति पाउन परिचय पत्र लिनका लागि दरखास्त दिने नागरिकले २ प्रति पासपोर्ट साइजको फोटो र नेपाली नागरिकताको प्रमाण पत्र अनिवार्य रुपमा संलग्न राखी सूचनाको म्यादभित्र अनुसूचि ४ को (क), (ख), (ग), (ङ) र (छ) बमोजिम को ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(३) लोपोन्मुख आदिवासी / जनजाती र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुले भत्ता वा वृत्ती पाउन नेपाली नागरिकताको प्रमाणपत्र वा जन्म दर्ताको प्रमाणपत्र संलग्न राखी सूचनाको म्यादभित्र अनुसूचि ४ को (घ) र (च) बमोजिम को ढाँचामा दरखास्त दिनु पर्नेछ । लोपोन्मुख आदिवासी / जनजाती र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति नावालिक भएमा उसको अविभावकको नागरिकता समेत पेश गर्नु पर्नेछ ।

(४) म्यादभित्र पर्न आएका दरखास्तउपर बुंदा न. ५(ङ.) बमोजिमको समितिले १५ दिनभित्र निर्णय गरी संबन्धित गा.बि. स. वा न. पा. ले परिचयपत्र दिइ सक्नु पर्नेछ ।

७. **लक्षित समूहले पाउने सुविधाः**

(१) यस कार्यविधिको अधिनमा रही परिचयपत्र प्राप्त नेपाली नागरिकले २०६५ आश्विन देखि पाउने सुविधा निम्न वमोजिम हुनेछः

(क) जेष्ठ नागरिकलाई मासिक भत्ता रु ५०० ।
(ख) एकल महिलालाई मासिक वृत्ति रु ५०० ।
(ग) पुर्ण अशक्त अपाङ्गता भएकाव्यक्तिलाई मासिक अशक्त वृत्ति रु १०००।
(घ) आंशिं अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक अशक्त वृत्ति रु ३००।
(ङ) लोपोन्मुख आदिवासी / जनजातीलाई मासिक भत्ता रु ५०० ।

तर, राज्यकोषबाट नियमित रुपमा उल्लेखित रकम भन्दा बढी सुबिधा पाइरहेको व्यक्तिले यस व्यवस्था बमोजिमको भत्ता वा वृत्ति पाउने छैनन् ।

यस प्रयोजनको लागि "राज्यकोषबाट प्राप्त सुविधा" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संघ संस्था, कंपनिबाट तलव, भत्ता,पेन्शन वा यस्तै अन्य नाममा मासिक रुपमा प्राप्त हुने सुविधा समेतलाई जनाउने छ । यस प्रयोजनका लागि सम्वन्धित व्यक्तिले अन्य श्रोतवाट त्यस्तो सुविधा नलिएको कुरा निवेदनमा खुलाउनु पर्ने छ । त्यस्तो भत्ता वा वृत्ति प्राप्त गरि सके पछि अन्य श्रोतवाट त्यस्तो सुविधा लिएको कुरा खुली आएमा सम्वन्धित व्यक्ति वाट उक्त रकम अशुल गरी प्रचलित कानून वमोजिम कार्यवाही गरिने छ ।

(२) २०६५ श्रावण र भाद्रको वृत्ति एवं भत्ता रकम सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६३ अनुसारका लक्षित समुहलाई मात्र सोही कार्यविधीमा उल्लेखित दरमा उपलब्ध गराइनेछ ।

स्पष्टीकरणः कुनै व्यक्ति बुंदा ३ मा उल्लेखित लक्षित समूह मध्ये एक भन्दा वढी लक्षित समूहमा परेतापनि त्यस्तो व्यक्तिले सवैभन्दा वढी रकम भएको एक समूहको भत्ता वा वृत्ति मात्र पाउनेछ । तर एक समूहको परिचयपत्र प्राप्त गरिसकेपछि आगामी आर्थिक वर्षदेखी मात्र उक्त समूहको भत्ता / वृत्ती पाउनेछ ।

८. **अनुदान रकम व्यवस्थाः**

(क) कार्यक्रम संचालनका लागि नेपाल सरकारले प्रत्येक जिल्लालाई उक्त जिल्लाबाट प्राप्त लक्षित समूहको विवरणको आधार/अनुपातमा निश्चित रकम अनुदान उपलब्ध गराउनेछ ।

(ख) जिल्ला विकास समितिले आफुलाई प्राप्त अनुदान रकम सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको लगतको आधार/अनुपातमा सम्वन्धित गाउँ विकास समिति/नगरपालिकालाई चौमासिक अनुदान पेश्कीका रुपमा उपलब्ध गराउनेछ । यसरी अनुदान पठाउदा पिछडिएको र आफ्नो स्रोत साधन न्यून भएका गाउँ विकास समिति/नगरपालिकालाई प्राथमिकता दिनु पर्नेछ ।

(ग) एक आर्थिक वर्षका लागि निकासा भएको रकम सोही आर्थिक वर्षका लागि मात्र खर्च गर्नुपर्नेछ । निकासा रकम कम हुने देखिएमा जिल्ला विकास समिति, गाउँ विकास समिति/नगरपालिकाले समानुपातिक रुपमा आफ्नो आयस्रोतबाट अनुदान थप गरी भुक्तानी गर्न सक्नेछ ।

(घ) बुँदा ३ (घ) र (ङ.) अनुसारका अशक्त अपाङ्गता भएका व्यक्तिहरुको संख्या जिल्लाहरुलाई तोकिएको कोटा भन्दा बढी भएमा स्थानीय निकायले आफ्नो आयश्रोतबाट थप गरि वितरण गर्न सक्नेछ ।

(ङ.) सामाजिक सुरक्षा कार्यक्रममा निकासा भएको बजेट रकम कुनै पनि प्रशासनिक कार्यमा खर्च गर्न पाईने छैन ।

## ९. भत्ता / वृत्ति भुक्तानी व्यवस्थाः

(क) गाउँ विकास समिति/नगरपालिकाले अघिल्लो किस्तावाट वितरण गरेको अनुसूचि ८ बमोजिमको प्रगति विवरण र भुक्तानी गरेको भर्पाईको १ प्रति प्राप्त भएपछि जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित गाउँ विकास समिति/नगरपालिकाको खातामा १५ दिनभित्रमा निकासा दिनु पर्नेछ ।

(ख) गाउं विकास समिति/नगरपालिकाको सचिवले यस कार्यक्रम बापत प्राप्त भत्ता / वृत्ति रकम परिचयपत्र प्राप्त गरेका सम्वन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा वडा दशैं पूर्व आश्विन १ गते, दोश्रो चौमासिकमा शहीद सप्ताहको समयमा माघ १२ गते र तेस्रो चौमासिकमा नेपालमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन जेष्ठ १५ गते भुक्तानी गर्नु पर्नेछ र त्यस्तो कार्यक्रमको प्रचार प्रसार समेत गर्नु पर्नेछ । गाउँ विकास समितिको सचिव र नगरपालिकाको सचिवले तोकिएको मितिमा भत्ता वा वृत्ति वितरण गर्न विषयगत कार्यालयका कर्मचारीहरुको सहयोग समेत लिई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।
तर आ.ब. ०६५/६६ को हकमा पहिलो किस्ता पौष मसान्तभित्र र दोश्रो किस्ता ज्येष्ठ १५ गते वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) भत्ता / वृत्ति पाउने व्यक्तिले सोही आर्थिक वर्षभित्र रकम बुझि लिई सक्नुपर्नेछ । ज्यादै अशक्तताको कारणबाट भत्ता / बृत्ति बितरणको लागि तोकिएको स्थानमा गई भत्ता / बृत्ति बुझिलिन नसक्नेको हकमा सम्बन्धित निकायले कर्मचारी खटाई घरमा नै रकम बुझाउने व्यवस्था मिलाउनुपर्ने र ज्यादै अशक्तताको कारणवाट भत्ता वा वृत्ति आफै बुझिलिन नसक्ने पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र नावालिक लोपोन्मुख आदिवासी/जनजातीको हकमा परिचयपत्रमा रकम वुझ्ने संरक्षकको नाम र फोटो समेत राखी नीजलाई वुझाउन सकिनेछ ।
माथि जे सुकै लेखिएको भएतापनि वुंदा ५ (च) वमोजिम वैङ्कवाट भुक्तानी गर्ने गरी तोकिएका गा. वि. स. / न. पा. ले वैङ्क मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(घ) एक जिल्लाबाट बसाई सराइ गरी अर्को जिल्लामा जाने लक्षित समुहका व्यक्तिको चालु आ. ब. को भुक्तानी हुन बांकी भत्ता वा वृत्ति रकम बसाइ सरी जाने व्यक्तिले बसाई सराइको प्रमाणपत्र सहित संबन्धित जि.बि.स.मा निवेदन दिएमा बसाइ सरिजाने जिल्लाको जि. बि. स. मा पठाउनु पर्ने र वसाई सरी आएको जिल्ला विकास समितिले सम्वन्धित गा. वि. स.। न .पा.मार्फत वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साबिक गा.बि. स.। न.पा.ले निजको लगत कट्टा गर्नुपर्नेछ ।

( ङ ) सामाजिक सुरक्षा कार्यक्रम वापत जिल्ला विकास समितिबाट निकासा हुने रकमको भुक्तानीको जिम्मेवारी सम्बन्धित सचिवको हुनेछ ।

( च ) बुदा (ख) मा तोकिएका दिनहरुमा भत्ता/ वृत्ति भुक्तानी गर्दा जिल्ला विकास समिति, गाउं विकास समिति /नगरपालिकाले देहायको प्रक्रिया मिलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(१) प्रत्येक गाउं विकास समिति/नगरपालिकामा भत्ता/बृत्ति वितरण गर्दा कम्तीमा ५ जना स्थानीय राजनैतिक दल एबं समुदायमा आधारित संघसस्थाका प्रतिनिधि र स्थानीय भद्रभलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी १ / १ प्रति गाउं विकास समिति/नगरपालिका कार्यालयको सूचना पाटीमा टांस गर्ने र एक प्रति लेखा परिक्षणको लागि भर्पाईसंग राख्ने ।

(२) भत्ता / बृत्ति भुक्तानी गर्दाको समयमा कुनै व्यक्ति आफु वसोवास गरेको स्थानबाट बाहिर गएको कारणले उपस्थित हुन नसकेको भए सोही आर्थिक वर्षको अर्को चौमासिकमा भत्ता / बृत्ति वितरण गर्दाको समयमा बुझाउने तर एक आर्थिक वर्षको रकम अर्को आर्थिक वर्षमा दिन नमिल्ने ।

(३) भत्ता / बृत्ति रकम भुक्तानी गर्दा परिचयपत्रमा भुक्तानी गरिएको रकम र अवधि उल्लेख गरी प्रमाणित गरी दिने ।

(४) प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फर्स्यौटको लागि जिल्ला विकास समितिमा पठाउने ।

(५) जिल्ला विकास समितिले दोस्रो र तेस्रो किस्ता रकम निकाशा दिदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बाँकी रहेको रकम कटाएर मात्र निकाशा दिने ।

**१०. भत्ता / बृत्ति निकासा तथा लेखापरीक्षण सम्वन्धी व्यवस्थाः**

(क) स्थानीय विकास मन्त्रालयले श्रावण महिनाभित्र सामाजिक सुरक्षा कार्यक्रमको बजेट अख्तियारी जिल्ला विकास समितिमा पठाउनेछ र जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत समयमा नै निकासा प्राप्त गरी सक्नुपर्नेछ ।

(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा माग भई आएपछि चौमासिक निकासाको आदेश सम्वन्धित जिल्ला विकास समितिलाई उपलब्ध गराउनेछ ।

(ग) जिल्ला विकास समितिको कार्यालयले यस प्रयोजनका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको रकम सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको खातामा लक्षित समूहको संख्याको आधार/अनुपात मा जम्मा गर्नु पर्नेछ ।

(घ) भत्ता/बृत्ति वितरण गर्न गाउँ विकास समिति/नगरपालिकाका लागि जिल्ला विकास समितिको कार्यालयमा निकासा भएको रकम र जिल्ला विकास समितिले नगरपालिका/गाऊ विकास समितिलाई निकासा दिएको रकम र लक्षित समुहलाइ भुक्तानी भएको रकमको लेखापरीक्षण जिल्ला विकास समितिले प्रचलित कानून वमोजिम महालेखा परीक्षकको विभागबाट गराउनेछ ।

(ङ) सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आ.ब.मा खर्च नभएमा फ्रिज हुनेछ ।

**११. अभिलेख, प्रतिवेदन, पारदर्शिता तथा सामाजिक परिक्षण**

(१) अभिलेखः

(क) गाउँ विकास समिति तथा नगरपालिकाले परिचयपत्र प्राप्त व्यक्तिको अभिलेख अनिवार्य रुपमा अनुसूची ९ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(ख) भत्ता / वृत्ति पाइरहेका व्यक्ति बसाइँ सरी गएमा वा मृत्यु भएमा सो को विवरण समावेश गरी अनूसुची ११ वमोजिमको ढांचामा गाउँ विकास समिति /नगरपालिकाले प्रत्येक वर्षको पौष र जेष्ठ महिनाभित्र जिल्ला विकास समितिमा र जिल्ला विकास समितिको कार्यालयले प्रत्येक बर्षको माघ र आषाढ महिना भित्रमा स्थानीय विकास मन्त्रालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(२) प्रतिवेदनः

(क) गाउँ विकास समिति / नगरपालिकाले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ता / वृत्तिको चौमासिक/ वार्षिक विवरण अद्यावधिक गरी अनूसुची ८ वमोजिमको ढाँचामा जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ ।

(ख) गाउँ विकास समिति/ नगरपालिकाले भुक्तानी गरिएको रकम बर्भै लिनेहरुको नामावली गाउं विकास समिति तथा नगरपालिकाको कार्यालयमा सार्वजनिक गरी एक प्रति जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ ।

(ग) यो कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकता (P1) मा परेको कार्यक्रम भएकोले गाउं विकास समिति/नगरपालिकालाई दिएको निकासा रकम र वितरण गरेको लक्षित समूहको संख्या सहितको चौमासिक प्रगति अनुसूची १० बमोजिमको ढांचामा जिल्ला विकास समितिले नियमित रुपमा स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) पारदर्शिता

(क) आगामी आर्थिक वर्षको लागि बजेट/कार्यक्रम तर्जुमाको सिलसिलामा भत्ता । बृत्ति वितरण गर्न यसै कार्यविधिको अनुसूचि १२ मा भएको तालिका अनुसार स्थानीय परिचयपत्र सिफारिस समितिको सिफारिसका आधारमा गाउँ विकास समिति/नगरपालिकावाट भत्ता / वृत्ति पाउनेहरुको नामावली जिल्ला विकास समिति मार्फत स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ । उक्त नामावली तथा उक्त नामावली वमोजिम वितरण गरिएको भत्ता वा वृत्ति प्राप्त गर्ने लक्षित समूहहरुको नामावली सहितको विवरण सम्बन्धित गाउं/ नगर परिषद्मा पेश गर्नु पर्नेछ ।

(ख) भत्ता वा वृत्ति वितरण कार्यलाई पारदर्शी र सुनिश्चित गर्नको लागी जिल्ला विकास समितिको कार्यालयले गाउं विकास समिति / नगरपालिकामा गत आ व मा भत्ता वा वृत्ति पाउने लक्षित समुहको नामावली अनुसूची १२ अनुसारको ढांचामा चालु आ व को आश्विन महिना भित्र पुस्तककोरुपमा प्रकाशित गरि संबन्धित गा.बि.स./ न. पा, जिल्लास्थित संघ संस्था, जिल्लास्तरका राजनितिक दलका कार्यालयहरु, स्थानीय विकास मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र सम्बन्धित निकायहरुमा मा अनिवार्य रुपमा वितरण गर्नु पर्नेछ ।

(ग) जि.बि.स. ले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा यस कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नु पर्नेछ ।

(घ) गाउं विकास समितिको कार्यालय/नगरपालिकाको कार्यालयले नयां परिचयपत्र वितरण गर्दा, नविकरण गर्दा र सामाजिक सुरक्षा वृत्ति वा भत्ता वितरण गर्दा स्थानीय सामाजिक संघसंस्था, गै.स.स., सामाजिक परिचालनमा संलग्न संस्थाहरु आदिको सहयोग लिएर अनिवार्यरुपमा प्रचार प्रसार गर्नुपर्नेछ । जिल्ला विकास समितिको कार्यालयले पनि यस सम्बन्धि सूचना स्थानीय FM लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) सार्बजनिक गर्ने

गाउं विकास समिति र नगरपालिकाले देहायका विषयहरु चौमासिक वा वार्षिकरुपमा सार्बजनिक गर्नुपर्नेछः

(१) नयां परिचयपत्र वितरण

(२) चौमासिक भत्ता वा वृत्ती वितरण

(३) मृत्यु र वसाई सराईको लगत कट्टा

**१२ परिचयपत्र रोक्का वा स्थगित गर्ने व्यवस्था**

कुनै नागरिकले यस कार्यविधि वमोजिमको सुविधा प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरी परिचयपत्र प्राप्त गरेमा वा दोहोरो भुक्तानी लिएमा गाउँ विकास समितिको अध्यक्ष / नगरपालिकाको प्रमुखले यसको गाम्भीर्यता हेरी केही अवधिका लागि भत्ता वा वृत्ति रोक्का गर्न ( जस्तैः केही महिनामात्र उमेर नपुगेकोमा उमेर नपुगुन्जेलसम्म ), निश्चित समयसम्मका लागि परिचयपत्र स्थगित गर्न (जस्तै एक बर्ष वा सो भन्दा बढी उमेर नपुगेको हकमा), भुक्तानी भईसकेका रकम असुल उपर गर्न (जस्तैः दोहोरो भुक्तानी भएको वा उमेर नपुगी भुक्तानी लिएमा) आदेश दिनसक्नेछ । तर भत्ता प्राप्त गर्न सक्ने नेपाली नागरिकलाई सामान्य विवरण फरक परेका आधारमा मात्र भत्ताबाट बन्चित गरिने छैन ।

**१३. निरीक्षण तथा अनुगमनको व्यवस्था :**

(क) जिल्ला विकास समितिको कार्यालयले भत्ता / वृत्ति वितरण प्रक्रियाको निरिक्षण तथा अनुगमन गर्न वुदा ५ (च) वमोजिम गठित समितिसंग समन्वय गरी अनुगमन गर्ने छ ।

(ख) यस कार्यक्रमको स्थानीय विकास मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय, जिल्ला विकास समिति गाउ विकास समिति र नगरपालिकाका पदाधिकारी एवं कर्मचारीहवाट नियमित वा पटके अनुगमन गर्न सकिनेछ । जिल्ला विकास समितिले यसरी गरिएको अनुगमनको प्रतिवेदन उपर छलफल गरी सोको प्रतिवेदन आ. ब. समाप्त भएको एक महिनाभित्र स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्ने छ ।

(ग) जि. वि. स. ले विषयगत कार्यालयहरुसंगको समन्वयमा अनुगमनका लागि आवश्यक रकमको व्यवस्था समेत गरी अन्य कार्यक्रमहरुसंग समन्वय गरी एकीकृत अनुगमन प्रणाली अवलंवन गर्ने छ ।

**१४. सामाजिक सुरक्षा कार्यक्रम संचालन तालिका :**

यस कार्यविधि वमोजिम सम्पन्न गर्नुपर्ने क्रियाकलापहरु सम्पन्न गर्ने समयावधि र सोको लागि जिम्मेवार व्यक्ति वा संस्था सहितको कार्य संचालन तालिका अनुसूची १३ मा दिइएको छ । सो बमोजिम गर्नु, गराउनु कार्यक्रममा संलग्न सबै निकाय तथा पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

